बैठक नं ०५
मितिः- २०७६।०९।१०
समयः- ११:०० बजे
स्थानः- कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।०९।१० गते विहिबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| [signature] | श्री टंक ब. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री सुकमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री तिलक बा. मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री ठुलो कान्छा लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री उदास कु. भ्लोन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री सुर्ज बा. थिङ्ग | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री सुमन लटौला | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री माणिकलाल मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| [signature] | श्री लोक बहादुर कुसारी | सदस्य-सचिब, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| [signature] | श्री सुरेश न्यौपाने | अधिकृत, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| [signature] | श्री प्रकाश राई | माइन्यूट सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

## बैठकका एजेण्डाहरुः

१) करार कार्यालय सहयोगी सम्बन्धमा ।

२) टेण्डर सम्बन्धमा ।

३) ताम्लाङ वडा नं ७ र डिको स्वास्थ्य चौकीको खर्च अनुमोदन सम्बन्धमा ।

४) योजना तथा कार्यक्रम अनुगमन खर्च व्यवस्थापन सम्बन्धमा ।

५) राजस्व सुधार कार्ययोजना निर्माण सम्बन्धमा ।

६) शिक्षक पदस्थापन संशोधन सम्बन्धमा ।

७) गाउँपालिका कार्यालयहरुको फोनहरु सम्बन्धमा ।

८) विविध सम्बन्धमा ।

निर्णय नं १: प्रस्ताव नं १ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यापालिका बैठकले मिति २०७६।६।१२ को निर्णयानुसार कार्यालय सहयोगी करार सेवा मार्फत पदपूर्ति गर्न स्वीकृत विधि/मापदण्ड (निर्णय नं ६) मा प्राविधिक त्रुटी तथा छुट हुन गएकोले उक्त निर्णयको मापदण्डका साथसाथै निम्नानुसार हुने गरी निर्णय गरियो ।

तपसील

१ शैक्षिक योग्यता, कार्यानुभव र भौगोलिक क्षेत्र वापतको कूल अंक ७० हुनुपर्नेमा ८० अंक हुन गएको हुँदा उक्त ८० अंकलाई सच्याई अंक ७० कायम गर्ने र अन्तरवार्ता वापतको अंक २० समेत गरी कूल जम्मा अंक ९० कायम गर्ने ।

२ शैक्षिक योग्यता वापत कक्षा ८ उतिर्ण गरेको प्रमाणपत्रको हकमा सो लाई न्यूनतम शैक्षिक योग्यता मान्ने । यसैगरी न्यूनतम शैक्षिक योग्यता कक्षा ८ उतिर्ण गरेको तर सो शैक्षिक योग्यताको प्रमाणपत्र पेश नगरेका उम्मेदवारहरुको हकमा एस.एल.सी/एस.ई.ई लाई आधार मानी न्यूनतम शैक्षिक योग्यताको श्रेणीको आधारमा अंक प्रदान गर्ने र थप उच्चतम अंक समेत प्रदान गर्ने ।

निर्णय नं २: नेपाल विद्युत प्राधिकरण हेटौडाको च नं १२१० मिति २०७६।८।२६ को पत्रानुसार नेपाल विद्युत प्राधिकरणको रु. २ (दुई) करोड र कैलाश गाउँपालिकाको रु. १ (एक) करोड र ३ नं प्रदेश सरकारको समपूरक

२०७६।३।१०

अनुदान बापतको रकम रु.१ (एक) करोड गरी जम्मा रु. ४ (चार) करोडको कैलाश गाउँपालिकामा ग्रामीण विधुतिकरणको लागी टेण्डर प्रकृया अगाडी बढाउन कैलाश गाउँपालिकाको रु. १ (एक) करोड र प्रदेश सरकारको रु. १ (एक) करोड गरी जम्मा रु. २ (दुई) करोड माग भई आएको हुँदा सो रकम नेपाल विधुत प्राधिकरण हेटौडा वितरण केन्द्रको नविल बैंक स्थित धरौटी खाता नं २३०१०१७५०११४३ मा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:** मिति २०७६।८।६ गते यस गाउँपालिकाको ७ नं वडा कार्यालय र डिको स्वास्थ्य चौकी, कैलाश ७ को उदघाटन तथा हस्तान्तरण कार्यक्रमको व्यवस्थापन खर्च रु ८९,२५०। (उनानब्बे हजार दुईसय पचास मात्र) विविध खर्च शिर्षकबाट व्यहोर्ने गरी अनुमोदन गर्दै भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:** प्रस्ताव नं ४ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा सञ्चालित बिभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धि खर्च सम्बन्धित कर्मचारीहरुमार्फत आवश्यक सहजीकरण गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:** यस गाउँपालिकाको राजस्व प्रतिवेदन, दायरा तथा दर विश्लेषण र आवधिक तथा वार्षिक राजस्व प्राप्तिको अनुसन्धान सहित दिर्घकालिन सोच, लक्ष्य, रणनीति, कार्यक्रम तथा प्रस्तावित प्रतिफल सहितको राजस्व सुधार कार्ययोजना निर्माण गर्न विज्ञ कन्सल्टेन्सी मार्फत खरिद गर्ने र सो कार्यका लागि अनुसन्धान तथा विकास शिर्षकबाट लागत अनुमानका आधारमा रु. ५(पाँच) लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:** कैलाश गाउँपालिका, गाउँ शिक्षा समितिको मिति २०७६ मंसिर १४ गतेको वैठकबाट शिक्षक सेवा आयोगको परीक्षा सफल भई शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुरबाट नियुक्ति लिई यस कैलाश गाउँपालिकामा पदस्थापनको लागि पठाइएको प्राथमिक तहको स्थायी शिक्षकलाई पदस्थापन गरिएको र सोही वैठकको निर्णय नं. १ को शिक्षक व्यवस्थापन प्रस्ताव माग गरिएको निर्णयमा विद्यालयको आवश्यकताअनुसार केही थपघट गर्नु पर्ने भएकोले तपसिलको विवरण अनुसार हुने गरी निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | शिक्षकको नाम | ठेगाना | पदस्थापन गरिएको विद्यालय | पदस्थापन गर्नुपर्ने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | कर्ण बहादुर पाखिन | वागमति - ३, मकवानपुर | श्री ऋषेश्वर प्रा.वि., कैलाश - ४ | श्री कमला देवि मा.वि., कैलाश - २ | नयाँ नियुक्ति |
| २. | राम नरेश साह | - | श्री फुलदेवि प्रा.वि., कैलाश १ | श्री ऋषेश्वर प्रा.वि., कैलाश - ४ | दरवन्दी व्यवस्थापन |
| ३. | सरिता रेग्मी | हेटौंडा - १४, मकवानपुर | श्री कमला देवि मा.वि., कैलाश - २ | श्री सरस्वती नि.मा.वि., कैलाश - २ | नयाँ नियुक्ति |

**निर्णय नं ७:** यस गाउँपालिकाका विभिन्न कार्यालयहरूमा कार्यालयबाट प्रदान गरिएका फोनहरुलाई मात्र सञ्चार खर्च मासीकरूपमा रिचार्ज गराउने निर्णय गरियो ।

बहादुर मुक्तान
अध्यक्ष

२०७६।९।१०
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ८:** प्रस्ताव नं ८ को विविध विषयमा छलफल गर्दा देहायअनुसार हुने गरी निर्णय गरियो ।

**क.** उपभोक्ता समिति पदाधिकारीको तालिमको लागि बजेट सम्बन्धमा ।

यस गाउपालिकाको चालु आ.व.२०७६/०७७ मा स्वीकृत आयोजनाहरुको लागि गठीत उपभोक्ता समितिका पदाधिकारीहरुको बृत्ति विकासको लागि कार्यपालिकाको मिति २०७६/०८/२२ गतेको निर्णयानुसार २०७६ मंसीर २८ गते देखि पौष ७ गते सम्म संचालित तालिमको लागि पेश भएको प्रस्तावित खर्च अनुमान अनुसारको रु.५ लाख बजेट सस्थागत विकास सेवा प्रवाह सुशासनको सुशासन प्रवर्द्धन कायक्रमबाट बजेट बिनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**ख.** संविधान दिवशमा खरिद गरेको टि सर्टको रकम अनुमोदन गर्ने सम्बन्धमा ।

मिति २०७६/०६/०३ गतेको संविधान दिवश भब्यताका साथ मनाउने कार्यक्रमको लागि नेपाल सरकारबाट डिजाईन भएको १५० थान टि सर्ट लगायतका अन्य सामाग्रीहरु रु.१,४४,०७५/ (भ्याट समेत) मा खरिद गरेकाले उक्त खर्च रकम चालु खर्च शिर्षकबाट खरिद कार्य अनुमोदन गरी भुक्तानी दिने निर्णय अनुमोदन गरियो ।

**ग.** मोटर साईकल खरिद रकम भुक्तानी दिने सम्वन्धमा ।

यस कार्यालयको लागि आवश्यक १ थान मोटर साईकल खरिद गर्न यस कार्यालयमा पेश भएको ३ बटा कोटेशन अनुसार सबै भन्दा घटी राज मोटर्स प्रा.लि., हेटौंडा १० ले एफ जेड १५० सि.सि. मोटर साईकलको रु.२,६७,९००/ (भ्याट समेत) को अंक कबोल गरेकोले सो प्रा.लि.बाट खरिद भएको मोटर साईकलको खरिद कार्य अनुमोदन गर्दै उक्त रकम रु.२,६७,९००/ (भ्याट समेत) नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

**घ.** डिको स्वास्थ्य चौकीको बेड लगायत अन्य रकम भुक्तानी दिने सम्बन्धमा ।

यस कैलाश गा.पा.वडा नं.७ स्थित डिको स्वास्थ्य चौकीको लागि उपलब्ध गराएको २ थान बिरामी राख्ने बेडको रु.६०,०००/ (भ्याट समेत) र मायाको चिनो लगायतको रकम वील बमोजिम रु ६३,८००। गरी जम्मा रु १२३,८००। (अक्षरेपी एक लाख तेईस हजार आठसय मात्र) उपयुक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**च.** कैलाश गाउपालिका अन्तरगत कालिका मा वि, नामटारको उत्तर पुस्तिका परिक्षण कार्यको लागि खरिद गरिएको माग भए बमोजिमको सिरक, डस्ना लगायतका सामग्री थान १० वापतको रकम रु ४० हजार कार्यालय सामग्री चालू खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**छ.** यस गाउपालिकाको २५ लाख भन्दा माथिका योजनाहरुको टेण्डर प्रकृया अगाडी बढाउनको लागि लागत अनुमान मिति २०७६।९।२१ गतेसम्म पेश गर्ने र टेण्डर सूचना मिति २०७६।९।२३ गते प्रकाशन गर्ने निर्णय गरियो ।

२०७६/९/१०

ज, गाउपालिकाको भवन निर्माणको लागि बहुवर्षिय योजना अन्तरगत हुने गरी लागत अनुमानका आधारमा टेण्डर प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

झ, यस गाउँपालिका अन्तरगत रिक्त रहेका सामूदायिक विद्यालयहरुका राहत, इ सि डि तथा रिक्त करार शिक्षक दरबन्दिहरू प्रतिवेदन यस गाउँपालिकाको शिक्षा संयोजकले ७ दिन भित्र उपलब्ध गराई आवश्यक प्रकृया अगाडी बढाउने ।

ञ, सहिद क, रुद्र पाखिन स्मृति पार्क, मकवानपुरढीले पौष २८ गते आयोजना गर्ने १७ औं रुद्र स्मृति दिवसको अवसरमा फुटसल प्रतियोगिताको लागि रु २५ हजार सहयोग गर्ने निर्णय गरियो ।

ट. यस गाउँपालिका अन्तरगत कमलादेवी मा वि ग्याविन निर्माण कैलाश २ लाई रु ६५३७००।, खोलाखर्क स्कूलको ग्याविन निर्माण कैलाश १ लाई रु २५३३००। र धुवाङ मा वि कैलाश ८ मेशिनरी वाल निर्माणका लागि रु ६५१३०० जल उत्पन्न प्रकोप नियन्त्रण शिर्षकबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

रामभाया

सुकमाया

२०७३/९/१०